मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : १३६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत २० गते आइतबार (Sunday, April 3. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## शिक्षकको मृत्यु, नक्कली चालक पक्राउ

**बिर्तामोड, चैत १९।** झापाको अर्जुनधारा-६स्थित पुष्पलाल चोकमा बोलेरोको ठक्करबाट गरामनी माविका एक शिक्षकको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

शनिबार बिहान ५:१५ बजे भएको दुर्घटनामा परी अर्जुनधारा-६का ५३ बर्षीय शिक्षक कृष्णप्रसाद निरौलाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ। दुर्घटनामा बिर्तामोड-५ का ४५ बर्षीय अर्जुन उप्रेती घाइते भएको प्रहरीले जनाएको छ। उत्तरबाट दक्षिणतर्फ आउँदै गरेको प्र१-०१-००१-

(बाँकी अन्तिम पृष्ठमा)

# गठबन्धनः वडासम्म तालमेल

**झापा, चैत १९।** स्थानीय तहको निर्वाचन नजिकिएसँगै चुनावी गतिविधि तीब्र बनाएका दलहरुबीच निर्वाचनमा तालमेल गर्ने सहमति बन्न थालेको छ ।

सत्तारुढ गठबन्धनमा रहेका चार दलले स्थानीय तह निर्वाचनमा तालमेलका लागि प्रदेश १मा कार्यदल गठन गरेको छ। शनिबार इटहरीमा बसेको गठबन्धनको बैठकले वडा तहसम्म तालमेलको मोडालिटी तयार गर्न कार्यदल गठन गरेको हो ।

बैठकमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीका नेताहरु सहभागी थिए। बैठकले चुनावी तालमेलको मोडालिटी तयार गर्न कार्यदल बनाएर अघि बढ्ने निर्णय गरेको नेकपा माओवादी केन्द्र प्रदेश १ अध्यक्ष हर्कबहादुर नेम्वाङले जानकारी दिए ।

कार्यदलमा कांग्रेस प्रदेश सभापति उद्धव थापा र महामन्त्री उमेश थापा, नेकपा माओवादी केन्द्रका प्रदेश अध्यक्ष हर्कबहादुर नेम्वाङ र उपाध्यक्ष शिवकुमार डाँगी, एकीकृत समाजवादीका प्रदेश अध्यक्ष बलदेव चौधरी र उपाध्यक्ष धर्म निरौला तथा जनता समाजवादी पार्टीका प्रदेश अध्यक्ष प्रविण चाम्लिङ र उपाध्यक्ष उमेश थापा छन् ।

बैठकले गठबन्धनमा रहेका दलको प्रदेश प्रमुखहरु रहेको अनुगमन संयन्त्र पनि निर्माण गर्ने निर्णय गरेको छ। कार्यदलको अध्ययनपछि बस्ने बैठकले थप निर्णय गर्नेछ। स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० गते हुनेछ ।

## एकताबद्ध भएर जान कांग्रेसको निर्देशन



**बिर्तामोड, चैत १९।** नेपाली कांग्रेस झापाको आयोजनामा शनिवार सम्पन्न शीर्ष नेताहरुको बैठकले एकताबद्ध भएर स्थानीय तह निर्वाचनमा जान कार्यकर्तालाई निर्देशन दिएको छ ।

पार्टीका नेता तथा पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र वर्तमान महामन्त्री विश्वप्रकाश शर्माले नेपाली कांग्रेसले एकताबद्ध भएर झापाका सबै पालिकामा चुनाव जित्ने उद्घोष समेत गरेका छन् ।

बैठकमा सहभागी नेताद्वयले नेपाली कांग्रेस लोकतान्त्रिक पार्टी भएको हुँदा पार्टीको आन्तरिक छनौट प्रक्रियाका कारण निर्वाचनमा कुनै असर नपर्ने बताउँदै झापाको कांग्रेस एकढिक्का रहेको हुँदा उच्च मनोवलका साथ चुनाव प्रचारमा खटिन आग्रह गरे ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न बैठकमा सहभागी नेताद्वयले स्थानीय तहका उम्मेदवार सिफारिस गर्दा पार्टीसँग समन्वय गरेर काम गर्न सक्ने सक्षम ब्यक्ति सिफारिस गर्न आग्रह गर्दै पार्टीका उम्मेदवारलाई सबै मिलेर जिताउन निर्देशन दिए ।

पार्टीले उठाएको उम्मेदवारले जित्दा वा हार्दा पार्टीकै जितहार हुने बताउँदै पार्टीको निर्देशनमा काम गर्ने पद्धतिको बिकास गर्न आग्रह गरेका नेताद्वयले अन्तरघात रोकेर चुनावी परिणाम आफ्नो पक्षमा पार्ने कार्यमा ध्यान दिँदै चुनावी गतिविधि तीब्र पार्नसमेत निर्देशन दिएका छन्। स्थानीय आवश्यकताका आधारमा विज्ञ समूह गठन गरी घोषणापत्र निर्माण गर्न नेताद्वयले जोड दिए ।

राष्ट्रियसभा सदस्य गोपालकुमार बस्नेत,

(बाँकी अन्तिम पृष्ठमा)

## डेस्क सम्पादकलाई उत्कृष्ट सञ्चारकर्मीको सम्मान



**बिर्तामोड, चैत १९।** पूर्वाञ्चल दैनिकका डेस्क सम्पादक लक्ष्मण ढकाललाई उत्कृष्ट सञ्चारकर्मीको सम्मान प्रदान गरिने भएको छ।

झापा जिल्ला सहकारी संघले ढकाललाई उत्कृष्ट सञ्चारकर्मीको सम्मान प्रदान गर्ने भएको हो। पुरस्कारको राशि नगद १० हजार ५५५ रुपैयाँ रहेको छ। ०३४ सालमा विश्वदीप मासिकबाट पत्रकारिता यात्रा शुरु गरेका ढकाल पत्रकारितामा निरन्तर क्रियाशील छन्। संघले यस वर्ष सम्मान तथा पुरस्कृत गर्ने संस्था र व्यक्तिको नाम सार्वजनिक गरेको छ। संघका अध्यक्ष गणेश ढकालले यस वर्ष संघले सम्मान गर्नेहरुको नाम घोषणा गरेका हुन् ।

झापा जिल्ला सहकारी संघ लिमिटेडले ६५औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर झापामा पहिलोपटक आयोजना गरेको जिल्लास्तरीय सहकारी सम्मेलनको उद्घाटनका अवसरमा उक्त घोषणा गरिएको हो ।

यस वर्ष झापा सहकारी सम्मान पुरस्कार दीपकप्रकाश बाँस्कोटालाई प्रदान गरिने भएको छ। पुरस्कारको राशि नगद

(बाँकी अन्तिम पृष्ठमा)

# देउवाले उठाए सीमा विवाद

**काठमाडौं, चैत १९।** भारत भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल र भारतबीच रहेका सीमा समस्या समाधान गर्न भारतीय प्रधानमन्त्रीसँग अनुरोध गरेका छन् ।

दुवै प्रधानमन्त्रीद्वारा आयोजित संयुक्त पत्रकार सम्मेलनमा देउवाले स्थापित संयन्त्रबाट उक्त समस्या समाधान गर्न मोदीलाई आग्रह गरिएको जनकारी दिए। देउवाले भने- हामीले सीमाका सवालहरूमा छलफल गऱ्यौं र मैले मोदीजीलाई त्यसलाई स्थापित दुईपक्षीय संयन्त्रहरूबाट हल गरौं भनेर अनुरोध गरेँ।

भारत भ्रमणमा रहेका नेपालका प्रधानमन्त्री र भारतीय प्रधानमन्त्रीले दिल्लीमा शनिवार भेटवार्ता गरेपछि दुवैजनाले संयुक्त रूपमा प्रेस सम्मेलन गरेका थिए। भारतीय प्रधानमन्त्री मोदीले सीमा विवादको बारेमा कुनै धारणा नराखे पनि अवाञ्छित तत्वले नेपाल-भारत सीमाको दुरुपयोग नगरुन् भन्नेबारे छलफल भएको बताए। त्यसका लागि



दुवै देशले प्रतिरक्षा र सुरक्षामा गहन सहयोग कायम गर्ने विषयमा जोड दिएको उनले जानकारी दिए ।

**देउवाले के भने ?**

प्रधानमन्त्री देउवाले भारतीय प्रधानमन्त्रीसँग मित्रवत र सार्थक छलफल भएको उल्लेख गर्दै भारतको आर्थिक रुपान्तरणबाट लाभ लिन नेपाल इच्छुक रहेको बताए। उनले चाँदनी, दोधारामा एकीकृत जाँच चौकी र सुक्खा बन्दरगाहको निर्माण र नेपालगञ्जमा एकीकृत जाँच चौकी निर्माण सम्पन्न गर्ने र भैरहवामा त्यस्तो जाँच चौकी निर्माण अघि बढाउने

(बाँकी अन्तिम पृष्ठमा)

## आजबाट रमजान शुरु

**झापा, चैत १९।** इस्लाम धर्मावलम्बीहरुको महान पर्व रमजान आज आइतवारदेखि शुरु हुने भएको छ। गएको वर्षमा नयाँ वर्षसँगै रोजा पर्व शुरु भएको थियो ।

यो पर्वमा एक महिनाभर मुस्लिम समुदायले बिहान सूर्योदय हुनुअघिदेखि सूर्यास्त नभएसम्म पानी समेत खाँदैनन्। उर्दू क्यालेण्डर अनुसार बिहान ४:१५ बजेबाट बेलुका ६:२० बजे सम्म निराहार बस्नुलाई रोजा भनिन्छ। रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समय तालिका पनि परिवर्तन भइरहन्छ ।

रोजा बस्न बिहान तोकिएको समय अगावै र बेलुका तोकिएको

(बाँकी अन्तिम पृष्ठमा)

**हाडजोर्नी तथा नशा सम्बन्धी समस्याको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३–५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र**
**अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**






# झापामा पहिलोपटक सहकारी सम्मेलन



**बिर्तामोड, चैत १९।** झापामा पहिलोपटक आयोजना गरिएको जिल्लास्तरीय सहकारी सम्मेलन शनिवारबाट बिर्तामोडमा शुरु भएको छ।

झापा जिल्ला सहकारी संघ लिमिटेडले ६५औँ राष्ट्रिय सहकारी दिवसको अवसर पारेर सम्मेलन आयोजना गरेको हो।

सम्मेलनको एक भव्य कार्यक्रमकाबीच १ नम्बर प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले उद्घाटन गरे।

संघका अध्यक्ष गणेश ढकालको अध्यक्षतामा भएको कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले स्वागत गरेको थिए। प्रमुख अतिथि आङ्बो, नेकपा एमाले झापाका सचिव शिव ढुंगेल, नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्यलगायतले शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रमको सहजीकरण संघका सचिव भवानीप्रसाद दंगाल र सहसचिव कृष्णप्रसाद मिश्रले गरेका थिए। सम्मेलनको पहिलो दिन संघका वरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले झापामा सहकारीको सम्भावना र चुनौति विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। त्यस्तै, अस्ट्रेलियाका लागि पूर्वराजदूत महेशराज दाहालको उत्प्रेरणात्मक प्रस्तुति रहेको थियो।

पहिला दिनको अन्तिम कार्यपत्र नेफ्स्कुनका पूर्वकोषाध्यक्ष केशव पोखरेलको रहेको थियो। उनको कार्यपत्रमाथि राष्ट्रिय सहकारी बैंकका लेखा सुपरीवेक्षण संयोजक लक्ष्मी उप्रेती टिप्पणी गरेका थिए।

# प्रेस चौतारीका पूर्वअध्यक्ष पौडेल कांग्रेसमा प्रवेश



**बिर्तामोड, चैत १९।** प्रेस चौतारी नेपालका पूर्व केन्द्रीय सदस्य एवम् झापा अध्यक्ष मुक्ति पौडेल नेपाली कांग्रेसमा प्रवेश गरेका छन्।

प्रेस चौतारी नेपालको केन्द्रीय सदस्यबाट उनले केही दिनअघि राजीनामा दिएका थिए। नेपाली कांग्रेस झापाको पार्टी कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रमका बीच पार्टीका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले पार्टी सदस्यता रसिद हस्तान्तरण र वर्तमान महामन्त्री विश्वप्रकाश शर्माले अबिर लगाएर पौडेललाई पार्टी प्रवेश गराएका थिए।

कार्यक्रममा राष्ट्रियसभा सदस्य गोपालकुमार बस्नेत, पार्टीका केन्द्रीय सदस्यहरु महेन्द्राकुमारी सुब्बा, १ नं. प्रदेश सभापति उद्धव थापा, जिल्ला सभापति देउकुमार थेवे,उपासभापतिहरु शेरबहादुर भट्टराई र केशवराज पाण्डे, सचिवद्वय कृष्ण हुमागाँई र नवीन विमली, सहसचिवद्वय कालेन्द्रप्रसादसिंह राजवंशी र कमल भण्डारीले पौडेललाई खादा र अविर लगाएर स्वागत गरेका थिए।

त्यस्तै जिल्ला सदस्य राम कट्टेल र याम भुजेल, क्षेत्रीय सभापतिहरु इन्द्रबहादुर बुढाथोकी, खगेन्द्र मैनाली, गणेश पोखरेल, जयनारायण साह, ढुण्डीराज भण्डारी, प्रेस युनियन अध्यक्ष इन्दु पूर्वेली, उपाध्यक्ष गिरिराज भट्टराई, सचिव डिल्लीराम घोर्साई, माईपश्चिम क्षेत्रीय समिति अध्यक्ष विष्णु सुब्बा, सल्लाहकार राजेन्द्र गौतम, केन्द्रीय पार्षद लक्ष्मी लुइँटेल, प्रदेश पार्षद ज्ञानेन्द्र निरौला, शेखर सेढाई, नेपाली कांग्रेस कार्यालय सचिव जयकुमार दाहाललगायतले अविर र खादा लगाएर पौडेललाई स्वागत गरेका थिए।

विगत दुईदशक अघिदेखि बिद्यार्थी जीवनबाट नै नेपाल कम्युनिष्ट पार्टी एमाले निकट विद्यार्थी संगठन अखिल नेपाल स्वतन्त्र विद्यार्थी संगठनमा आबद्ध भएका मेचीनगर-६ निवासी पौडेल २०६४ सालदेखि एमालेको संगठित सदस्य भई क्रियाशील थिए।

सोही क्रममा नेपाल कम्युनिष्ट पार्टी एमालेको भातृ संस्था प्रेस चौतारी नेपाल, झापाको उपाध्यक्ष, अध्यक्ष, प्रदेश उपाध्यक्ष, र केन्द्रीय सदस्यको जिम्मेवारी सम्हालिसकेका पौडेल केपी शर्मा ओली नेतृत्वको सरकारले संविधान विपरीत संसद विघटन गरेदेखि उक्त पार्टीका गतिविधिप्रति असन्तुष्ट थिए। तत्कालीन प्रेस संगठनको अध्यक्ष रहँदा प्रेस युनियन र प्रेस संगठनको संयुक्त आयोजनामा भएको संसद विघटनका विरुद्ध झापामा पहिलोपटक पत्रकारहरुले निकालेको बिरोध प्रदर्शनमा उनले समेत नेतृत्व गरेका थिए।

आफूले यसअघि अंगालेको पार्टीमा विधि, पद्धति, प्रक्रिया, नीति र कानूनको पालना नभएको एवम् पार्टीभित्र ब्यक्तिवाद हावी हुन थालेपछि आफू विधि र पद्धतिको पक्षमा उभिँदै उक्त पार्टी परित्याग गरेको पौडेलले बताएका छन्।

# पूर्वेली पुरस्कृत

**शान्तिनगर, चैत १९।** झापाको शान्तिनगरमा आयोजित एक कार्यक्रमकाबीच पत्रकार र विद्यालयसहित १० प्रतिभालाई सम्मान तथा पुरस्कृत गरिएको छ।

पवित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठान शान्तिनगर संस्थाको नवौं बार्षिकोत्सव तथा पुरस्कार वितरण समारोहमा बिर्तामोडबाट प्रकाशित जनआन्दोलन साप्ताहिकका सम्पादक तथा नेपाल प्रेस युनियन झापाकी सभापति इन्दु पूर्वेलीसहित १० प्रतिभालाई सम्मान तथा पुरस्कृत गरिएको हो।

प्रतिष्ठानका अध्यक्ष छविलाल खतिवडाको अध्यक्षता तथा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा पत्रकार भरत भूर्तेल स्मृति पत्रकारिता पुरस्कारबाट सम्पादक पूर्वेलीलाई पुरस्कृत गरिएको हो। पत्रकार पूर्वेलीलाई प्रमुख अतिथि शर्मा, संस्थाका अध्यक्ष खतिवडासहित शंकर भुर्तेल र तारा भुर्तेलले संयुक्त रुपमा सम्मान-पत्र तथा नगद २५ हजार प्रदान गरेका थिए।

त्यसैगरी झापाको भद्रपुर-९मा अवस्थित जनजागृति माध्यमिक विद्यालय पुहाँतुबारीलाई उत्कृष्ट विद्यालयको रुपमा पवित्रा-भेषराज खतिवडा शिक्षा पुरस्कार नगद ५१ हजार प्रदान गरिएको थियो।

सामुदायिक विद्यालयमा पढाइ हुने अनिवार्य विषयमध्येबाट उत्कृष्ट शिक्षकका रुपमा शान्ति आदर्श माविमा अध्यापनरत् नेपाली विषयकी शिक्षक दिलु अधिकारी र समुदाय, विद्यालय र शिक्षकबीच समन्वयकारी भूमिका निर्वाह गर्ने उत्कृष्ट मेचीनगरस्थित आदर्श मावि ईंटाभट्टाकी शिक्षक प्रतिमा चापागाँईलाई पुरस्कृत गरिएको थियो।

त्यसैगरी बुद्धशान्ति, मेचीनगर नगरपालिका र रोङ गाउँपालिकाका सामुदायिक विद्यालयबाट एसईई उत्कृष्ट धुलाबारी माविका स्नेहा श्रेष्ठ, प्रज्ञा विष्ट र यमुना तिम्सिना तथा गढीगाउँ मावि शान्तिनगर अनुप काफ्ले र प्रारुपराज लाखेलाई जनही २/२ हजार नगदसहित सम्मान-पत्र प्रदान गरिएको थियो। त्यस्तै लोपोन्मुख जाति लाप्चा समुदायबाट शान्ति आदर्श माविको कक्षा ११ र १२ मा अध्ययनरत् सुमन लाप्चा र निरमाया लाप्चालाई पनि पुरस्कृत गरिएको थियो।

सोही अवसरमा यसैवर्ष दिवंगत भएका खतिवडा परिवारका छत्र खतिवडाको स्मृतिमा उनका ससुराली परिवारले सोही क्षेत्रका दुईवटा सामुदायिक विद्यालयमा अध्ययनरत् शैक्षिक सामग्री खरिद गर्न कठिनाई व्यहोरिरहेका प्रति विद्यालय ५०/५० जना बालबालिकालाई पुग्ने शैक्षिक सामग्री प्रदान गरिएको थियो। खतिवडा परिवारका ज्येष्ठ सदस्य सम्मान शालीग्राम खतिवडालाई नगद १० हजारसहित सम्मान गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि शर्मा, प्रतिष्ठानका संरक्षक शारदाप्रसाद शर्मा लगायतले शुभकामना मन्तव्य राखेका थिए। पुरस्कृत प्रतिभाहरुको घोषणा पुरस्कार छनौट समितिका अध्यक्ष चन्द्र भण्डारीले गरेका थिए। प्रतिष्ठानका सचिव शिरो सान्दाई खतिवडाले सञ्चालन गरेको कार्यक्रममा स्वागत सुसन रिजाल खतिवडाले गरेका थिए।

## देउवाले ...

बारेमा छलफल भएको जानकारी दिए। दुवै पक्ष सडक र रेल जस्ता सम्पर्क सञ्जाल सम्बन्धी परियोजनाहरूमा थप प्रगति हुनेमा विश्वस्त रहेको उनको भनाइ छ।

नेपालले महेन्द्रनगर, नेपालगञ्ज र जनकपुरहुँदै हवाई रुट उपलब्ध गराउन अनुरोध गरेको जानकारी दिँदै प्रधानमन्त्री देउवाले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनका लागि पनि सहयोग गर्न अनुरोध गरिएको जानकारी दिए।

महाकाली नदीमा धार्चुला र दार्चुला जोड्ने सवारी गुड्ने पुलको निर्माण र नेपालमा मल निर्यात गर्ने सम्बन्धी केही समय पहिले भएको समझदारीको कार्यान्वयनबारे पनि छलफल भएको उनले जानकारी दिए। अन्तर्देशीय ऊर्जा व्यापार नेपालको प्राथमिकतामा रहेको भन्दै दुई देशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्ने भिजन स्टेटमेन्ट तयार गर्ने भनी भएको सहमतिबाट आफू प्रशन्न भएको देउवाले बताए।

दुवै प्रधानमन्त्रीको भेटवार्तापछि भारतको रुपे कार्डलाई नेपालमा पनि प्रयोगमा ल्याउने निर्णय गरिएको थियो। नेपालले भारतलाई जीपी कोइराला श्वास प्रश्वास रोग सम्बन्धी अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा विकास गर्न सघाउन अनुरोध गरेको छ।

प्रधानमन्त्री देउवाले आफूले मोदीलाई नेपाल भ्रमणको निम्तो दिएको जानकारी दिँदै दुवै देशबीच निरन्तर रुपमा भ्रमणको आदानप्रदान भइरहनुपर्ने बताए। साथै उनले कोरोना भाइरसको महामारीसँग जुध्न भारतले नेपाललाई उपलब्ध गराएको सहयोगका लागि धन्यवाद दिए।

**मोदीले के भने ?**

देउवालाई भारतको 'पुरानो मित्र' भनेका मोदीले नेपाली प्रधानमन्त्रीसँग आपसी सहयोगका विभिन्न क्षेत्र, विभिन्न परियोजनामा भएको प्रगति र भविष्यको रुपरेखाका बारेमा पनि छलफल गरेको बताए।

मोदीले भने- हामी दुवै सहमत छौँ कि हामीले ऊर्जा क्षेत्रमा सहयोगको अवसरबाट पूरै लाभ उठाउनुपर्छ। उनले भारतले नेपाललाई सुख-दुःखको साथीका रूपमा हेरेको भन्दै नेपालप्रति आफ्नो मुलुकले सँधै आत्मीयता प्रेरित भावना राख्ने बताए। उनले नेपालसँग ऊर्जा क्षेत्रमा सहकार्य गर्ने विषयलाई दुवै देशले उच्च प्राथमिकता दिने समझदारी गरेको भन्दै संयुक्त भिजन स्टेटमेन्ट ल्याउने सहमति भएको बताए। लामो समयदेखि अघि बढ्न नसकेको पञ्चेश्वर परियोजनाको काम तेज गतिमा अघि बढ्ने भन्दै उनले उक्त परियोजनाले दुई देशको सम्बन्धमा महत्वपूर्ण प्रभाव पार्ने बताए।

नेपालसँग विद्युत् आयात गर्ने कैयौं अरू प्रस्तावलाई स्वीकृत गर्न लागिएको उनले जानकारी दिए। नेपाली पक्षसँग जलविद्युत् क्षेत्रमा भारतीय कम्पनीहरूको भागिदारी बढाउने विषयमा पनि छलफल भएको भन्दै मोदीले नेपालले सौर्य ऊर्जा सम्बन्धी अलायन्समा जोडिने गरी एउटा सम्झौतामा हस्ताक्षर गरेकोमा प्रशन्नता जनाए। दुवै प्रधानमन्त्रीको उपस्थितिमा नेपाल र भारतका अधिकारीहरूले रेल्वेका क्षेत्रमा प्राविधिक सहकार्य गर्ने, पेट्रोलियम पदार्थको आपूर्ति र नेपाल आयल निगम र भारतीय आयल निगमबीचको प्राविधिक सहकार्य अभिवृद्धि गर्ने विषयका सम्झौतामा हस्ताक्षर गरिएका थिए। दुई देशबीच चारवटा सम्झौतामा हस्ताक्षर भएको छ। दुवैजनाले संयुक्त रूपमा अन्तरदेशीय जयनगर-कुर्था रेल सेवा उद्घाटन भर्चुअल माध्यमबाट गरेका थिए। कार्यक्रममा नेपाल र भारतबीच भएका विकास आयोजनाहरूबारे चर्चा गरिएको थियो।

त्यससँगै पूर्वाधार तयार भएर पनि सञ्चालन नभइ बसेको उक्त रेलले सेवा उपलब्ध गराउन थालेको बताइएको छ। पाँचौपटक प्रधानमन्त्री चुनिएपछि जलवायु परिवर्तन सम्बन्धी एउटा अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन ग्लास्गो गएको बेला देउवा र मोदीबीच गएको नोभेम्बरमा भेटवार्ता भएको थियो। यसअघिको आफ्नो चार वटा कार्यकालमा पनि देउवाले प्रधानमन्त्रीका रूपमा हरेक पटक दिल्लीको भ्रमण गरेका थिए।

**देउवालाई विशेष मित्रका रूपमा स्वागत**

नयाँ दिल्लीले 'विशेष मित्रलाई न्यानो स्वागत' गरिएको भन्दै देउवाको यो भ्रमणका बारेमा एउटा ट्वीट गरेको थियो। प्रधानमन्त्री देउवा र उनी नेतृत्वको प्रतिनिधिमण्डलले शुक्रवार साँझ भारतीय सत्तारूढ दलको पार्टी कार्यालयको भ्रमण गरेको थियो।

त्यो कूटनीतिक मर्यादा विपरीत भएको भन्दै कतिपयले आलोचना गरिरहेका छन्। तर, नेपाली कांग्रेसका नेता डाक्टर प्रकाशशरण महत भन्छन्- भारतीय जनता पार्टी त्यहाँको सत्तारूढ पार्टी हो। उहाँहरूले हामीलाई निम्तो गर्नुभयो। त्यहाँ जाँदा केही बिग्रँदैन।

यसअघि नेपाली कांग्रेसकै कतिपय नेताहरूले कतिपय वामपन्थी दलहरूले चिनियाँ कम्युनिष्ट पार्टीसँग अघि बढाएको वैचारिक आदानप्रदानप्रति प्रश्न उठाउने गरेका थिए। शुक्रवार भारतीय विदेशमन्त्री एस जय शङ्करले प्रधानमन्त्री देउवालाई भेटेका थिए।

भारतीय विदेशमन्त्री एस जय शङ्करले सामाजिक सञ्जाल ट्विटरमा लेखेका छन्- भारतको औपचारिक भ्रमणमा रहनुभएका नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाज्यूसँग शिष्टाचार भेटवार्ता गर्न पाउँदा खुशी लागेको छ। यो भ्रमणले हामीबीचको निकट छिमेक सम्बन्धलाई अझ बलियो बनाउने कुरामा विश्वस्त छु। राजघाटस्थित महात्मा गान्धीको समाधीस्थलको भ्रमण गरेका प्रधानमन्त्री देउवालाई भारतीय सुरक्षा सल्लाहकार अजित डोभालले शनिवार भेटेका छन्।

**अर्थपूर्ण यात्रा**

कालापानी, लिपुलेक अनि लिम्पियाधुरा क्षेत्र समेटेर नेपालले नक्सा जारी गरेपछि नेपाली प्रधानमन्त्रीबाट भएको यो पहिलो भारत भ्रमण हो।

भारतले कालापानी क्षेत्र समेटेर आफ्नो नक्सा अद्यावधिक गरेपछि नेपालले कूटनीतिक नोट पठाउँदा दिल्लीले कुनै जवाफ दिएको थिएन्। त्यसपछि नेपालले आफ्नो नक्सामा गरेको परिवर्तनलाई भारतले अस्वीकार गर्दै आएको छ।

नेपाल विज्ञ निहार नायकले प्रधानमन्त्री देउवाको यो भ्रमणमा दुवै देशका अधिकारीहरूले सीमा सम्बन्धी विवादहरूको हल खोज्न दुवै देशका सम्बन्धित निकायहरूलाई निर्देशन दिनसक्ने बताएका थिए। अघिल्लो महिना मात्रै नेपालले हालसम्मकै ठूलो विदेशी सहयोग स्वीकार गर्ने क्रममा ६० अर्ब रुपियाँ बराबरको अमेरिकी अनुदान सम्बन्धी सम्झौता संसद्बाट अनुमोदन गरेको थियो।

नेपालमा दलहरूबीच विवाद निम्त्याएको उक्त सम्झौतालाई लिएर अमेरिका र चीन एक अर्काविरुद्ध आरोप प्रत्यारोपमा उत्रिएका थिए। एमसीसी सम्झौता अनुमोदन भएको केही सातापछि नयाँ दिल्लीहुँदै काठमाण्डूको भ्रमण गरेका चिनियाँ विदेशमन्त्री वाङ यीले नेपालमा कुनै पनि किसिमको वैदेशिक हस्तक्षेप अस्वीकार्य हुने धारणा राखेका थिए। नेपालमा भूराजनीतिक चासोहरू वृद्धि भइरहेको समयमा भइरहेको प्रधानमन्त्री देउवाको दिल्ली भ्रमणलाई अर्थपूर्ण रूपमा लिइएको वीवीसीले उल्लेख गरेको छ।

## डेस्क ...

२५ हजार ५५५ रुपैयाँ रहेको छ। त्यस्तै, पूर्वसञ्चालक सम्मान हरिकिशोर आचार्यलाई प्रदान गरिने भएको छ। पुरस्कारको राशि नगद १० हजार ५५५ रुपैयाँ रहेको छ।

त्यस्तै, उत्कृष्ट बहुउद्देश्यीय सहकारीका रुपमा गणेश बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, उत्कृष्ट बचत तथा ऋण सहकारीका रुपमा सिम्रिक साकोस, उत्कृष्ट कृषि सहकारीमा लगनशील कृषि सहकारी संस्था रहेका छन्। उत्कृष्ट बचत कारोबारमा नेपाल बहुउद्देश्यीय र उत्कृष्ट कर्जा कारोबारमा फाल्गुनन्द साकोस रहेका छन्। उनीहरु सबैलाई पुरस्कारस्वरुप नगद १० हजार ५५५ रुपैयाँ प्रदान गरिने अध्यक्ष ढकालले बताए।

यसैबीच, उत्कृष्ट व्यवस्थापक महिलामा हिमाञ्चल साकोसकी अरुणा राई र पुरुषमा बिराट बहुउद्देश्यीयका रुद्र सिटौला रहेका छन्। उनीहरुलाई नगद पाँच हजार ५५५ रुपैयाँसहित पुरस्कृत गरिनेछ। पुरस्कृत संस्था तथा व्यक्तिहरुलाई संघको आगामी साधारणसभा सम्मान तथा पुरस्कार प्रदान गरिने जनाइएको छ।

## शिक्षकको ...

च ९१०७ नम्बरको बोलेरोले ठक्कर दिँदा निरौलाको घटनास्थलमै मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ।

दुर्घटनामा घाइते भएका उप्रेतीको वीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको बताइएको छ। चालक फरार रहेको र बोलेरो इलाका प्रहरी कार्यालय अनारमनीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

यसैबीच पैदलयात्रीलाई ठक्कर दिने बोलेरोको फर्जी चालक बनेर आउने एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ। माई नगरपालिका-३ इलामका ३० बर्षीय अर्जुन नेपालीलाई प्रहरीले नियन्त्रणमा लिएको हो। दुर्घटनाको समयमा सवारी चलाउने माई-३ इलामका अन्दाजी २२ बर्षीय दिनेश गहतराज फरार भएपछि नेपाली दुर्घटनाको समयमा आफूले गाडी चलाएको भन्दै इलाका प्रहरी कार्यालय अनारमनीमा उपस्थित भएका थिए।

प्रहरीलाई शंका लागी अनुसन्धान गर्ने क्रममा सो समयमा नेपालीले गाडी चलाएको नपाइएपछि नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी निरीक्षक हरि बरालले जानकारी दिए। नेपालीलाई सवारी ज्यान कसुरमा मुद्दा चलाइने र फरार रहेका गहतराजको खोजी भइरहेको प्रहरीले जनाएको छ।

## एकताबद्ध ...

नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा सदस्य महेन्द्राकुमारी सुब्बा, १ नं प्रदेश सभापति उद्धव थापा, जिल्ला उपसभापतिहरु शेरबहादुर भट्टराई र केशवराज पाण्डे, सचिवद्वय कृष्ण हुमागाँई र नवीन विमली, सहसचिवद्वय कालेन्द्रप्रसादसिंह राजवंशी र कमल भण्डारी, जिल्ला सदस्य राम कट्टेल, क्षेत्रीय सभापतिहरु इन्द्रबहादुर बुढाथोकी, खगेन्द्र मैनाली, गणेश पोखरेल, जयनारायण साह, ढुण्डीराज भण्डारीलगायत सहभागी बैठकले सबै पालिका र वडाहरुमा निर्वाचन परिचालन समिति गठन गर्न, सबै पालिका र वडाहरुमा घोषणापत्र तयारी समिति गठन गर्न, स्थानीय आवश्यकताका आधारमा गठबन्धन दलहरुसँग सहकार्यको वातावरण बनाउन एवम् केन्द्रीय कार्यतालिका अनुसार वडा, पालिका, प्रदेश क्षेत्र, क्षेत्रबाट उम्मेदवार सिफारिस गर्न निर्देशन दिएको छ।

## आजबाट ...

समयपछि आहार लिने गर्दछन्। रमजान उर्दू क्यालेण्डर अनुसार हिजरी सम्बत् १४४३ हो भने रमजान महिना नवौं महिना हो। रमजान महिनामा नै मुसलमानको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको छ।

दान दिनु गरीब र दीनदु:खीलाई सेवा गर्नु, जकात निकाल्नु यो महिनाको ठूलो विशेषता हो। रमजान व्रत बस्न आज साँझ मुसलमानहरुले चन्द्रमा हेर्न आकाशतिर दृष्यावलोकन गर्ने र चन्द्रमा हेरेर औधि रमाउने प्रचलन छ। सुनसरी सोनापुरका हाजी मोहम्मद अब्दुलले रमजान महिना हाम्रो लागि निकै महत्वपूर्ण एवं पवित्र हो र यसमा मुसलमानका पाँच आधार स्तम्भमा हजबाहेक सबै स्तम्भ पूरा हुने गर्दछ।

शरीरलाई चोखो राखेर मात्र रोजा बस्नुपर्छ। कुलतमा लागेका मानिस एक महिना इमान्दारीपूर्वक रोजा बस्न सक्यो भने चुरोट, खैनी, गुट्खा आदि पदार्थ खाने बानीमा परिवर्तन आउन सकिने सुनसरी सोनापुरका हाजी मोहम्मद अब्दुलको भनाइ छ। त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमान रोजा बस्नुलाई गर्व मान्दछ। नाबालक, बिरामी, घातक रोग लागेका र गर्भवती महिलालाई रोजा बस्न अनिवार्य छैन।

देशभरका मुस्लिम समुदायले भक्तिको महिनाका रुपमा मनाउने भएकाले यसबाट पाप नाश हुने धार्मिक विश्वास छ। वर्षमा कुनै त्रुटी भएको भए यसै अवसरमा अल्लाहसँग क्षमायाचना गर्ने मुस्लिम समुदायको परम्परा छ।


**घर भाडामा**

बि.न.पा.-४ भद्रपुर रोडमा रहेको २ वटा सटर, ३ रुम, १ किचन र प्यासेजमा गाडी राख्न मिल्ने, अफिस, सहकारी, ब्यापार, गोदामलाई उपयुक्त घर भाडामा छ।
सम्पर्क: ९८०७९१०२२२, ९८५२६६०३६०

**कपडा पसल बिक्रीमा**

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ।
मो. ९८४२६९५७८८
९८२६९३०६०५

**कर्मचारी आवश्यकता**

यस द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. का लागि तपशिल बमोजिमका पदहरुमा कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

| सेवा केन्द्र | पद | संख्या | योग्यता |
|---|---|---|---|
| सुरुङ्गा | बजार प्रतिनिधि | केही | एस.एल.सी./एस.ई.ई. उत्तीर्ण |
| बिर्तामोड | बजार प्रतिनिधि | केही | एस.एल.सी./एस.ई.ई. उत्तीर्ण |
| बिर्तामोड | रिसेप्सनिष्ट | १ | +२ उत्तीर्ण |
| बिर्तामोड | क्यासियर | १ | +२ उत्तीर्ण |

**अन्य योग्यता :** कम्प्युटरको ज्ञान भएको, मोटरसाइकल/स्कुटरको लाइसेन्स भएको, सहकारी क्षेत्रमा अनुभवी र स्थानीयलाई प्राथमिकता
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष नकाटेको **नियुक्तिको किसिम :** अस्थायी
**दरखास्त दिने अवधि :** २०७८ चैत २१ गते देखि २८ गते कार्यालय समयभित्र
**सेवा सुविधा :** संस्थाको नियम अनुसार
**आवश्यक कागजातहरु :** हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक प्रमाण-पत्रको प्रतिलिपि, अनुभव भए अनुभवको प्रमाण प्रतिलिपि
**परीक्षाको किसिम :** लिखित, मौखिक, प्रयोगात्मक
**दरखास्त दिने स्थान :** बिर्तामोड सेवा केन्द्र, सुरुङ्गा सेवा केन्द्र

**द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-झापा (फोन:०२३-५८५८५५) (केर्खा सेवा केन्द्र :०२३-४७५२५६) (सुरुङ्गा सेवा केन्द्र: ०२३-५५०५२७) (बिर्तामोड: ०२३-५४३१४७) बुधबारे सेवा केन्द्र : ०२३-५५५२४९), उर्लाबारी सेवा केन्द्र: ०२१-५४१९५६

**रेस्टुरेण्ट तु-बिक्रीमा**

बिर्तामोडस्थित सिटी सेन्टरको अगाडि भागमा रहेको चालू अवस्थाको रेस्टुरेण्ट तु-बिक्रीमा छ। इच्छुकले तु-सम्पर्क गर्नुहोला।
सम्पर्क : ९८०७९१४७५९

**सच्याइएको छ**

यस पूर्वाञ्चल दैनिकको मिति २०७८ चैत १९ गते अन्तिम पृष्ठमा प्रकाशित साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास परियोजनाको कार्यालय कन्काई नपा झापाको हाते च्यापकटर मेसीन खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा प्रथमपटक प्रकाशित मिति २०७८/१२/१८ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

**सच्याइएको छ**

यस पूर्वाञ्चल दैनिकको मिति २०७८ चैत १९ गते अन्तिम पृष्ठमा प्रकाशित साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास परियोजनाको कार्यालय कन्काई नपा झापाको धान बीउ खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचनामा प्रथम पटक प्रकाशित मिति २०७८।१२।१८ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

**सर्पदंश (सर्पको टोकाई)बाट बच्न...**

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरुको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौ, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं।
- सुत्नेबेलामा ओछ्यानमा राम्ररी हेरौं।
- राति हिंड्दा टर्चको प्रयोग गरौं।
- पराल, दाउरा आदि निकाल्दा होशियार अपनाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# प्रमको भ्रमण र अपेक्षा

**मित्रताका छ वटा लक्षण हुन्छन्– भनिएको छ । मित्र बनाउन, मित्रता कायम राख्न चाहने ती गुण वा कडीहरु दिनु–लिनु, भन्नु–सोध्नु, खानु–खुवाउनु हुन् । अर्थात् मित्रता दोहोरो मित्रभाव हो, त्यो मित्रलाई आवश्यक पर्दा दिने, आफूलाई पर्दा लिने, अन्तरका कुरा सुनाउने–सोध्ने र खुवाउने–खाने बराबरी तहमा हुनु पर्छ । यो विषय वा गुण व्यक्तिमा मात्र होइन दुई संस्था, दुई देशका बीच पनि हुने गरेको छ र हुनुपर्छ । यस्तै हार्दिक तथा मित्रभाव रहेका हाम्रा दुई देश छन् एउटा उत्तरतिरबाट छोइएको चीन र बाँकी तीनतिरबाट छोइएको भारत । यी दुई छिमेकी देशसँग नेपालको सद्भावपूर्ण, कुटनीतिक सम्बन्धभन्दा माथि प्राचीनकालदेखि नै अत्यन्त निकटको सम्बन्ध थियो र आज पनि कायम छ ।**


**राष्ट्र निर्माता पृथ्वीनारायण शाहले भने जस्तै नेपाल दुई ढुंगाबीचको तरुल हो । भूगोल, जनसंख्या, स्रोत र साधनले ठूला ढुंगा भनिएका देशहरुसँग यदाकता असमझदारी र विवाद हुन्छन्, भएका छन् जो अस्वभाविक पनि होइन । त्यसमा पनि पूर्व, पश्चिम र दक्षिणतर्फ सीमाना जोडिएको भारतसँग सीमा सम्बन्धी विवाद रहेको छ । ब्रिटिस इण्डियासँगको युद्ध सुगौली सन्धिपछि टुंगिए पनि त्यसको शर्तले उत्पन्न गरेको विवादले अहिले पनि नेपाल र भारतकाबीच 'खटपट' हुने गरेको छ । किरातकालदेखि नै व्यापारिक लगायतका सम्बन्ध कायम रहेको भारतले पछिल्लो समय नेपाली भूमिमाथि अतिक्रमण गरेर विवाद खडा गर्ने गरेको छ । सुस्ता, महेशपुर हुँदै दक्षिणी सीमाना र पश्चिमको काली पारिको लिपुलेक, लिम्पियाधुरा, कालापानी क्षेत्रको अतिक्रमण स्वतन्त्र राष्ट्रको सार्वभौम अधिकारमाथिको हस्तक्षेप नै हो । यही विवादले झण्डै–झण्डै संवाद शून्यता रहेको यी दुई देशका बीचका विवाद समाधान गर्न सरकारले अग्रसरता लिने मात्रै होइन निरुपण नै गर्नुपर्छ ।**

**यही परिस्थितिमा प्रधानमन्त्री शेरबहादुर देउवा अहिले नयाँ दिल्लीमा छन् । पचास सदस्यीय 'जम्बो' प्रतिनिधिमण्डलका साथ त्यहाँ पुगेका प्रम देउवा उच्चस्तरीय भेटघाट र वार्तामा छन् । प्रम देउवाको यो भ्रमण विद्यमान विवादको निरुपणमा केन्द्रीत र सफल भयो भने जम्बो टोलीको खर्चिलो यात्रा निश्चित रुपले सुखद् हुन सक्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारत पुगेका प्रधानमन्त्री देउवाको यो भ्रमणले विद्यमान सीमा विवादका अतिरिक्त सहयोग आदान–प्रदान, सडक, जलविद्युत्, रासायनिक मलखाद जस्ता नेपाली जीवनसँग प्रत्यक्ष जोडिएका समस्याको समाधान पनि खोज्नुपर्छ । विगतका सन्धिको पुनरावलोकन तथा असमान बुँदाहरुको खारेजीसम्मका उपलब्धी भयो भने भ्रमण झनै सफल मानिने छ । बिग्रिएको दुई देशकाबीचको सम्बन्ध पुनः जागृत गर्न भ्रमण सफल होस्, नेपालको छवि अझै उज्यालियोस्, सहयोग र सहकार्यको प्रवाह सहज र निरन्तर होस् शुभकामना ।**

# तपाईंको घरभित्र महिलालाई आराम छ ?



**समीक्षा दाहाल**



क्लारा जेटकिनदेखि मलाला युसुफजाईसम्म, योगमायादेखि काभ्रेकी 'तारा'सम्म आइपुग्दा संसारभरका महिलाहरूले अधिकार प्राप्तिका लागि धेरै ठूलो संघर्ष गरिरहेका छन् । केही उपलब्धि हासिल नभएका पनि होइनन्, तर जति छ त्यो पर्याप्त छैन । महिलाहरू घरबाहिर निस्किन थालेका छन् । तर, तिनका खुट्टामा दाम्लो बाँधिएको छ । कार्यालयसम्म मात्रै पुग्ने, बजारबाट बेलैमा फर्किने, पसल, छिमेकी, आफन्तभन्दा दायाँ-बायाँ नगर्ने जसरी वस्तुहरू दाम्लोले भ्याए जति ठाउँमा मात्रै चर्न स्वतन्त्र हुन्छन् ।

त्यत्रो अजंगको वस्तु जाबो एक फुट पनि नपुग्ने किलोमा अल्झेर बसे झैं हामी पनि पुरानो मान्यतालाई तोड्न नसक्दा घररूपी किलोमा गाडिएर बस्न विवश छौं । नयाँ र परिवर्तित विचार राख्ने महिलाहरू पुराना मान्यतालाई अँठ्याएर बसेका पुस्तासँग एकै छानोमुनि बस्नुपर्ने बाध्यता छ । जसले गर्दा उनीहरू दोहोरो चपेटामा परेको देखिन्छ ।

म एक निजी बोर्डिङ स्कूलकी शिक्षिका हुँ । संयुक्त परिवारमा बस्छु । मेरो घरमा सासु, ससुरा, देउरानी, उनकी छोरी, म, मेरो श्रीमान् र छोरा गरी सात जनाको परिवार छ । नौ बज्दा स्कूलको गेटबाट भित्र नछिरे रजिस्टार गायब हुन्छ र आधा तलब काटिन्छ । तलब जोगाउन र परिवार हँसाउन म बिहान ५ बजे उठ्छु, हतार-हतार सबै काम सकाएर भान्सा घरमा पस्छु । दाल-भात बाहेक छोराको टिफिनको डिमान्ड छ । श्रीमानलाई अन्डा पकाइदिनु छ ।

आलु हालेको र नहालेको सब्जी बन्छ । खुर्सानी हालेको र नहालेको अचार । घडीमा ८ बज्दा छोरा र श्रीमानलाई खाना पस्कनु छ । आफ्नो लागि खाना पस्किदिने मान्छे खोज्न हिँड्नु छ । अरू सबैलाई खाना दिने हैसियत छ । तर, आफ्नो लागि पस्कने हैसियत राख्दिन म । सासु कता ? देउरानी कता ? बलैले भित्र पस्छन् । उनीहरूलाई केको हतार तर मेरो घडीले मलाई छोडिसक्छ । बल्ल-बल्ल हातमा भात आइपुग्छ । आफ्नै हातले पकाएको त्यो खानाको स्वाद कहिल्यै मलाई थाह हुँदैन । जुठेल्नामा भाँडा छोडेर हिँड्न मिल्दैन, भ्याएसम्म सबै नभ्याए नि मेरो परिवारको त माइनै पर्छ ।

हामी जस्ता कामकाजी महिलालाई घर र अफिसको समय मिलाउन चर्को छ । संयुक्त परिवारमा बस्ने महिलाले श्रीमानबाट घरायसी कामको सहयोग पाउन सकेका छैनन् । सानैदेखि आमाबुबाले 'कहिले स्वास्नी ल्याउलास् र मलाई सुख देलास्'को रटान लगाएर हुर्काएका छोराहरू देश, समाज, काल, परिस्थिति बुझेर पनि 'जोइटिङ्रे' हुने डरले श्रीमतीलाई सहयोग गर्ने सकिरहेको देखिँदैन ।

ठूलो परिवारमा घरायसी काम सकेर अफिस जान महिलालाई कति कठिन हुन्छ ? यो भुक्तभोगीलाई मात्रै थाह हुने कुरा हो । खाना पकाइसकेर सबैलाई खुवाएर हिँड्नुपर्ने, खाना खाने बेलामा सबै नआइदिने, कुनै दिन आफूले पहिले खाएमा सासु-ससुराको अपहेलना गरेको अपजस र बचन पाइन्छ, बुहारीले खाएर छोडेको भात अरुले खान मिल्दैन भन्ने जब्बर कानूनको पालना गर्नैपर्छ । बरु पस्केर दिने कोही नभए भोकै पनि हिँड्नुपर्छ । दिनभर आफूले पकाएको खानाको परिकार सम्झेर घुटुक्क थुक निल्नु मेरो वास्तविकता हो । घरमा बस्नेहरूलाई लाग्छ, म काम गर्न होइन घुम्न जान लागेकी हुँ ।

यो मेरो मात्रै कहानी होइन, संयुक्त परिवारमा बस्ने आम कामकाजी महिलाको व्यथा हो । मैरै अफिसमा काम गर्ने धैरै महिला शिक्षिकाको भोगाइ पनि उस्तै छ । घर बस्ने महिलाका यी भन्दा बढी समस्या छन् । बुहारी, देवरानी, जेठानी जो होस् जागिर खान जाने तर एक पैसामा भागिदार नहुने भएपछि किन सहयोग गर्नु भन्ने पनि होला ? घरभित्रै जकडिएर बस्नुपर्दाको गुम्साहट वा बाहिर निस्किन नसक्नुको कुण्ठा पनि होला । एक-दुई काम ज्यादा भयो भने सासु-ससुराको गनगन शुरु हुन्छ- 'हामीले कहिल्यै बूढो हुन नपाउनु ?' तर, मसँग मनमनै प्रश्न गर्नेभन्दा बढी हिम्मत छैन- 'बुहारीले चाहिँ मान्छे हुन नपाउनु ?'

बुबा-आमाप्रतिको जिम्मेवारी छोराछोरी, ज्वाइँ-बुहारी कसैले भुल्न हुँदैन । घरको काम सधैं चटक्क छोडेर हिँड्न कसैले मिल्दैन । तर, काम गर्ने कमारीका रूपमा बुहारीलाई दर्जा दिन शरम नमान्ने व्यक्तिहरूलाई अनावश्यक सुविधा खोज्ने कत्ति पनि अधिकार छैन । कतिपय बुहारी पनि देखिन्छन् समाजमा, एउटा जागिरको बहानामा घरमा सिन्को नभाँच्ने । ती यस्तै व्यवहारबाट आजित भएर घृणाको बदला घृणा पोखिरहेका छन् । कामकाजी बुहारीलाई परिवारले सहज वातावरण तयार नपारीदिने, बुहारीले पनि आफ्ना समस्या खुलेर भन्न नसक्ने, भन्दा नबुझिदिने आदि कारण एकल परिवारको संख्या दिनानुदिन बढिरहेको छ । तर, एकल परिवार हुनु मात्रै जागिरे महिलाका समस्या हल हुनु भने होइन । घरायसी काम गर्न बाबुआमाले देख्लान् कि, छिमेकीले देख्ला कि, म त स्वास्नीको कमारै पो भएँ कि, साथीले खिल्ली उडाउलान् कि भन्ने सोच भएका पुरुष भएसम्म अर्थात् यस्तो दरिद्र सोचलाई पुरुषले नफालेसम्म महिलाले घररूपी किलोबाट उम्किन कठिन छ ।

घरका नियम बुहारीलाई मात्र होइन सबै सदस्यलाई लागू हुनुपर्छ । पकाउनेले पहिले खान नमिल्ने हो भने बुहारीले पकाए पनि, छोरीले पकाए पनि, सासुले पकाए पनि पहिले खान मिल्दैन । तर, यो नियम कुनै हालतमा राम्रो हुनै सक्दैन । यहाँ बुहारीले पहिले खाए खाएर छोडेको हुने अनि छोराछोरीले पहिले खाए केही नहुने ? कुच्चो, मस्को बुहारी बाहेक अरुले छुनै नहुने । अरुले भाँडाकुँडा लातले हान्न हुने र बुहारीले ढलेको लोटा नउठाए अलच्छिना बन्ने जस्ता विभेदहरू थुप्रै छन् । घर बुहारीले नै लिप्नुपर्ने । बुहारीले लिपेको ठाउँमा लातले हान्न हुने अनि छोरीले लिपेको घर टेक्नै नहुने ।

आमाको खुट्टामा छोरीले तेल लगाउँदा पाप लाग्ने बुहारीले लात्ती खाँदा पनि धर्म हुने । छोराले खरेटो छुनै नहुने, लुगा धुनै नहुने, जुडो भाँडा हेर्नै नहुने विभेदकारी नियमहरू जरो गाडेर बसेका छन् । आमाहरूले छोरालाई तँ लुगा धुनू, बुहारी भात पकाउछिन्, तँ कुच्चो लगा, बुहारी भाँडा मोल्छिन् भनिदिए ! घरका काम सबैको हो भन्ने सबैले सोचिदिए ! अलिकति खाना थोरै भएमा लोभी र धेरै भएमा संहारेको पगरी पाउनुपर्छ । आफ्नो मन मारेर अरुको स्वादको खाना बनाउनु पर्छ । यस्तो लाग्छ कि बुहारी भनेको लाखौं खर्च गरेर काम गर्नै भित्र्याइएको मेसिन हो ।

हुँदाहुँदा आफैँले जन्माएको सन्तानले पनि आफ्नी आमालाई घरको काम गर्ने मान्छेको दर्जामा राख्न थाल्छ । बिहानदेखि रातिसम्म काममै खटिएकी आमाको कुनै हैसियत हुँदैन । उसले यसैगरी आमालाई चिन्छ, यसैगरी बुझ्छ । आमा गल्छिन्, थाक्छिन्, आमालाई भोक लाग्छ, निद्रा लाग्छ, आमालाई पनि घुम्न जान मन लाग्छ, गीत गाउन, नाच्न मन लाग्छ, आमाका पनि रहर हुन्छन् भनेर सन्तानले थाहै पाउँदैन । उसले बुझेको छ- आमा भनेको धर्ती हो ।

आमाले जे पनि सहन सक्छिन् र सहनुपर्छ । आमालाई बुझाइएको छ, सन्तानका अघि कहिल्यै आफ्नो दुःख नदेखाऊ । कहिलेकाहीँ लाग्छ, अरुहरूले झैं मैले पनि यी कुरा नबुझेको भए बेस हुन्थ्यो । जब आफ्नै सन्तानका अघि आफू बारबार अपमानित हुनुपर्छ त्यतिबेला भने असाध्यै पीडा हुँदोरहेछ । कम्तीमा अब आउने पुस्तालाई त असल संस्कार दिन सकियोस् । तर, गर्भबाटै आमा, काकी, भाउजुलाई बिना हैसियतका मान्छे देखेर हुर्केका यिनमा पछि आफ्नी श्रीमतीलाई आफू जस्तै मान्छे हो भनेर स्वतःस्फूर्त स्वीकार्न सक्लान् ? लोग्ने, सासु-ससुरा, बिहेप्रति छोरीको धारणा कस्तो बन्ला ?

अचेल म सानो छोरालाई आफ्नो थकान बाँड्न थालेकी छु । स्कूलबाट फर्केपछि उसको हातले दिएको एक गिलास पानी पिएर बुहारीजन्य काममा फर्किन्छु । पुरानो संस्कार र नयाँ विचारलाई मिलाएर लैजान नसके धेरै महिला घर बाहिर निस्कन सक्दैनन् । दोहोरो चपेटामा परेका महिला डिप्रेसनको सिकार बन्न सक्छन् । घर बाहिरको समाज र घरको उही पुरानो संस्कारबीचको फरकले विद्रोहको रूप लिन्छ । म आफैं मेरा विद्यार्थीलाई एक सितो भात फाल्नु हुँदैन भनेर सिकाउने गर्छु ।

यतिसम्म भन्ने गरेकी छु कि हामी सबैले जोगाएको सिता-सिता भातले एउटा गरीबको भोक मेटिन्छ । म नै घर गएर एक माना चामलको भात फाल्छु । सासु-ससुरासँग बस्ने बुहारीले बासी खाना खान मिल्दैन । ठिक्क पकाए माइतीमा केही नदेखेकी लोभिनीको पगरी आइपर्छ । 'अलिकति फाल्दा के हुन्छ । 'उब्रिएकै छ' भन्ने भनाइ खानुपर्छ ।' विद्यालयमा आफ्नो काम आफैं गर्नुपर्छ भनेर सिकाएर आएकी बुहारी घर आएर सासु, ससुरा, श्रीमान् र छोराछोरीका लुगा धुन बस्नुपर्छ ।

अफिस ढिला पुगे हाकिमको गाली र तलब कटाउने चेतावनी । घर ढिला पुगे सासुको हप्की र १० बज्दा पनि नसकिने कामका लाइन । यस्तोमा महिलाको मानसिक स्वास्थ्य कस्तो होला ? कहिले टाउको, कहिले पेट, कहिले नसा, कहिले हड्डी दुखिरहन्छ । हर घरमा किन पुरुषभन्दा ज्यादा महिला बिरामी हुन्छन् ? यस्ता कुरा कसले सोचिदेओस् ?

के अबको समाजलाई बुढाबुढी धेर भएकै हुन त ? यो बडो गम्भीर प्रश्न हो । बुढाबुढी सबै हुनुपर्छ । यो रहर गरेर हुने वा नहुने अवस्था होइन, तर बुढाबुढीले घरमा बस्ने कि वृद्धाश्रममा भन्ने कुरा धेरै हदसम्म अबका बुढाबुढी कतिको समय र परिवर्तनमैत्री बन्न सक्छन् भन्ने कुराले निर्धारण गर्छ ।

बाबुआमाको सेवा गर्नु सबै छोराछोरीको दायित्व हो । छोराबुहारी कामकाजी भएपछि सहज वातावरण सिर्जना गरिदिनु पर्छ । सकुञ्जेल आफ्नो काम जस्तै लुगा धुने, बारीको तरकारी खोजेर ल्याउने, केलाउने, दिउँसोको खाजा बनाएर खाने जस्ता सक्ने काम गरेर परनिर्भर हुनबाट आफूलाई जोगाउनु पर्छ । आफू चिटिक्क परेर बस्ने अनि बुहारीलाई पेटिकोट, पेन्टी धुन लगाउनु कदाचित उपयुक्त हुँदैन । हाम्रो समाजमा यस्ता बुहारी पनि देखिन्छन् जो घरबाट बाहिर निस्कन चाहँदैनन् । उमेरदार सासु-ससुराको सेवा गर्नु आफ्नो कर्तव्य ठान्छन् । तिनमा महिलाको कामै घरधन्दा हो भन्ने बुझाइ छ । महिला भनेको धर्ती हो कसैलाई केही भन्नु हुँदैन जे परे पनि सहन सक्नुपर्छ । श्रीमान्लाई सन्तुष्ट पार्नु र सासुको चित्त बुझाउनु नै जन्मिनुको अन्तिम धर्म हो भन्ने ठान्छन् । यिनलाई यिनका अन्य आर्थिक उपार्जन लगायतका दायित्व सम्झाइदिने भूमिका पनि असल सासु-ससुराले निर्वाह गर्नुपर्छ ।

बेलुका कामको धपेडी सकेर घर आउँदा सबैको हँसिलो मुख देख्न पाइयोस् । जाने बेलामा खुशीसाथ खाना पस्केर दिने हातहरू हुन् । 'तिमी बाहिर काम गर आफ्नो पहिचान बनाऊ' भनेर घरको वातावरण सहज बनाइदिने परिवार होस् । गल्ती गर्दा सम्झाउने र राम्रो काम गरे बुहारीको सफलतामा गर्व गर्ने घर होस् । घरको काम छोरा-बुहारीमा, सासु-ससुरामा, नन्द-देवरमा, छोरा-छोरीमा बाँडियोस् । घर एकअर्काको आड र भरोसाको छानोले अडियोस् । *इकागज*

*(दाहाल हाल झापाको एक विद्यालयमा अध्यापनरत् शिक्षिक हुन् ।)*

# थोरै लगानीमा गर्न सकिन्छ पेट्रोलियम गाडीलाई इलेक्ट्रीकमा रूपान्तरण



**राजकुमार गौतम**

सरकारले प्रस्तुत गरेको बजेट मार्फत पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनलाई विद्युतीय सवारीसाधनमा रुपान्तरण गरेमा पाँच वर्षसम्म सडक निर्माण तथा सम्भार दस्तुर र नवीकरण शुल्क छुट दिने घोषणा गरेको छ । यो घोषणासँगै कसरी यस्ता सवारीसाधनलाई इलेक्ट्रिकमा रुपान्तरण गर्न सकिन्छ भन्ने चासो समेत शुरु भएको छ ।


विशेषतः शोसल मिडिया ग्रुपमा आफ्नो गाडी परिमार्जन गर्न चाहने मानिसहरुले विभिन्न क्रिया-प्रतिक्रिया जनाइरहेका छन् । २० वर्ष पुराना गाडीलाई सरकारले धेरै कर लगाउने भएको कारण पनि मानिसहरुले पुराना गाडीलाई इलेक्ट्रीकमा बदल्न चाहेका छन् ।

यदि तपाईले पुरानो गाडी किनेर इलेक्ट्रीक बनाउने योजना बनाउनु भएको छ भने करिब १० लाख रुपैयाँसम्म खर्च गर्दा विद्युतीय गाडी बनाउन सकिन्छ । हाल सानो सीसी क्षमताका गाडीलाई यसरी इलेक्ट्रिकमा परिवर्तन गर्न सकिन्छ । खासगरी टाटा नानो जस्ता गाडी हाल त्यतिकै बसिरहेको अवस्थामा यस्ता गाडीलाई पनि प्रयोग गर्न सकिन्छ । अहिले बजारमा छ लाख रुपैयाँसम्म हाल्ने हो भने पुरानो मारुती ८००, डाइहात्सु कोर, डेयू मार्टिज, सेभ्रोले स्पार्क, टोयोटा कोरोला, निसान सन्नी जस्ता कारहरु किन्न सकिन्छ । यी कारलाई इलेक्ट्रीकमा सजिलै कन्भर्ट गर्न सकिन्छ । सरकारले गत आर्थिक वर्षदेखि नै पुराना कारलाई इलेक्ट्रीकमा कन्भर्ट गर्न आवश्यक पार्टर्सहरुको आयातमा ० देखि १ प्रतिशत मात्रै भन्सार लिने व्यवस्था गरेको छ । त्यसैले यस्ता पार्टर्सहरु ल्याउँदा धेरै राजश्व तिर्नु पर्दैन ।

महावीर पुनद्वारा सञ्चालित राष्ट्रिय आविष्कार केन्द्रदेखि अन्य विभिन्न वर्कसपले गाडी कर्न्भट गर्ने सुविधा दिन थालेका छन् । लाखौं रुपैयाँ खर्चेर ल्याएका गाडी २० वर्षपछि त्यसै फ्याक्ने गरिएको छ । यसलाई इलेक्ट्रीकमा रुपान्तरण गरेको खण्डमा अर्को १० वर्ष बिना प्रदुषण चलाउन सकिन्छ भन्ने मान्यता सरकारले पनि राखेर नयाँ नीति लिएको बुझ्न कठिन छैन ।

**आवश्यक मुख्य सामग्री**

गाडीको डाइमेन्सन र ग्राहकको डिमान्ड अनुसार इलेक्ट्रिक कम्पोनेन्ट फिट गर्न सकिन्छ । ग्राहकले चाहे अनुसारको रेन्ज दिने ब्याट्री र मोटर फिट गर्न सकिन्छ । यसरी पुराना कारलाई इलेक्ट्रीकमा परिमार्जन गर्न चाहिने मुख्य सामग्री मोटर, ब्याट्री र विभिन्न वायरहरु हुन् । गाडीको अन्य पार्टसमा खासै ठूलो परिमार्जनको आवश्यकता पर्दैन ।




सामान्यतयाः यस्ता कारलाई इलेक्ट्रीकमा कभर्रट गर्दा १३ देखि २५ किलोवाट आवरको ब्याट्री प्रयोग गर्नुपर्ने हुन्छ । यसरी प्रयोग गरिने ब्याट्रीलाई अगाडि इञ्जिन भएको स्थानमा राख्न सकिन्छ । विद्युतीय गाडीमा इञ्जिनको आवश्यकता नपर्ने भएकाले उक्त स्थान खाली गरेर ब्याट्रीका सेल सुरक्षित तरिकाले राख्न सकिन्छ । साना मारुती ८०० साइजका कारमा २० किलोवाट क्षमताको मोटर नै उपयुक्त हुने इञ्जिनियरहरु बताउँछन् । हलुका र सानो साइजका कारमा दिइने १३ किलोवाट आवरको ब्याट्रीले एक पटकको फूल चार्जमा १०० किलोमिटरभन्दा बढी रेञ्ज दिने कम्पनीहरुको दाबी छ ।

**भित्री भागलाई आधुनिक बनाउन सकिन्छ**

यस्ता पुराना कारलाई इलेक्ट्रीकमा परिमार्जन गरेसँगै ड्यासबोड, स्टीयरिङ ह्वील, सिट लगायत परिमार्जन गरेर आधुनिक बनाउन सकिन्छ । अहिले कारमा हुने इन्फोटेन्टमेन्ट सिस्टम, रिभर्स क्यामेरा लगायतका फिचरहरु यी पुराना मोडलका कारमा सजिलै हाल्न सकिन्छ ।

**वारेन्टी समेत उपलब्ध**

इलेक्ट्रीक गाडी जस्तै यसरी रुपान्तरण गरिएका गाडीमा पनि कम्पनीहरुले वारेन्टी दिन सक्छन् । इलेक्ट्रीक गाडी जस्तै यसको ब्याट्री, मोटर र कम्पोनेन्टमा वारेन्टी उपलब्ध हुन्छ । ब्याट्रीमा पाँच वर्षको वारेन्टी हुन्छ । सामान्य अवस्थामा तीन वर्षको वारेन्टी उपलब्ध गराएको पाइन्छ । बरु गुणस्तरीय ब्याट्री उपलब्ध गराएर अलि बढी मूल्य लिएरै भए पनि पाँच वर्षको वारेन्टी लिन सकिन्छ । मोटर र कन्ट्रोलरमा एक वर्षको वारेन्टी हुन्छ । कतिपय कम्पनीहरुले मोटरमा तीन वर्षसम्म वारेन्टी पनि दिने गरेका छन् ।

**यस्तो छ अनुमानित खर्च**

अहिले अन्तर्राष्ट्रिय बजारमा ब्याट्रीको मूल्य प्रति किलोवाट ब्याट्रीको मूल्य दुई सय ५० डलरसम्म रहेको छ । अधिकतम् मूल्य दुई सय ५० डलरको हिसावले ल्याउँदा पनि १५ किलोवाट आवरको ब्याट्रीको खर्च छ लाख हाराहारी पर्छ । चार लाख ५० हजार रुपैयाँ पर्छ ।

त्यसवाहेक मोटर, वायर लगायतका अन्य पार्टस् आयात र यहाँ बनाउने खर्च तीन लाख लगाउने हो भने उत्कृष्ट इलेक्ट्रीक कार बन्नेछ । पुरानो गाडी किनेर इलेक्ट्रीक बनाउँदा पनि करिब १२ लाख हाराहारी मात्रै खर्च लाग्नेछ ।

पहिले यसरी गाडीहरुलाई रुपान्तरण गरेर चलाउनका लागि आवश्यक स्वीकृति दिने व्यवस्था थिएन । गाडीधनीहरुले आफ्नै तरिकाले रुपान्तरण गरी कर तिरेर चलाउने गरेका थिए । अब सरकारको नयाँ नीतिले भने यसमा सहज भएको छ । तर यो कार्यका लागि विशेष मापदण्ड निर्माण गर्नु आवश्यक छ । रोड सेफ्टी र अन्य विभिन्न पक्षलाई समेत मनन गरी सरकारले एउटा टिमको निर्माण आवश्यक छ । अटोमोबाइल व्यवसायी र गाडीधनीहरु समेत यसका लागि हौसिएका छन् ।

# सातपत्रे खोलामा पुलको उद्घाटन



**अर्जुनधारा, चैत १९।** अर्जुनधारा-८ स्थित सातपत्रे खोलामा नवनिर्मित फलामको पुलको उद्घाटन गरिएको छ।

स्थानीय सेतीदेवी मन्दिर व्यवस्थापन समितिको तेस्रो वार्षिक साधारणसभाको सन्दर्भमा उक्त पुलको जग्गादाता एवम् ज्येष्ठ नागरिक देवकुमारी बुढाथोकी (८८)ले उद्घाटन गरेकी थिइन्। वडाको बजेट दुई लाख र समितिद्वारा संकलन गरिएको तीन लाख ८८ हजारसहित जम्मा पाँच लाख ८८ हजार रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको पुलको लम्बाई ३४ फिट रहेको समितिका सचिव तुलसीराम गौतमले जानकारी दिए। स्थानीय सरकार र जनताको संयुक्त लगानीमा पुल निर्माण सम्पन्न भएपछि स्थानीय र मन्दिर दर्शन गर्न आउने भक्तजनहरुको लागि सहज भएको नारायण कटुवाल 'दिपेन्द्र'ले बताए।

समितिका अध्यक्ष अविनारायण गौतमको अध्यक्षता र संरक्षक पृथ्वीबहादुर बुढाथोकीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा समितिका सदस्य यामनाथ अधिकारीले संस्थाको गत आर्थिक वर्षको प्रगति प्रतिवेदन र कोषाध्यक्ष नेत्रकुमारी नेपालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

प्रस्तुत प्रतिवेदनमा समितिले आगामी दिनमा आकर्षक प्रवेशद्वार निर्माण गर्ने, माताको मन्दिर निर्माण गर्ने, त्यहाँ रहेको नाग पोखरीमा नागको मूर्ति स्थापना गर्ने, विभिन्न प्रजातिका बिरुवाहरु रोप्ने, भवन निर्माण गर्ने लगायतका योजनाहरु उल्लेख गरिएको छ।

अर्जुनधारा-८ वडा समितिका अध्यक्ष गोपीचन्द्र गौतम लगायतले मन्तव्य व्यक्त गरेको कार्यक्रममा स्वागत मन्तव्य सदस्य अधिकारीले गरेका थिए। उक्त कार्यक्रमको सञ्चालन सचिव गौतमले गरेका थिए।

सोही सभाले आगामी तीन वर्षे कार्यकालको लागि पुनः अविनारायण गौतमको अध्यक्षतामा ११ सदस्यीय समिति सर्वसम्मत चयन गरेको निर्वाचन समितिका संयोजक भवानीप्रसाद गौतमले जानकारी दिए।

नवगठित समितिका उपाध्यक्षमा तुलसीराम गौतम, सचिवमा यामनाथ अधिकारी, सहसचिवमा मनप्रसाद दाहाल र कोषाध्यक्षमा नेत्रकुमारी नेपाल चयन भएका छन्। त्यस्तै सदस्यहरुमा गोपाल श्रेष्ठ, जोबा राजवंशी, टिकादेवी अधिकारी, डम्बरकुमारी सत्याल, नारायण कटुवाल 'दिपेन्द्र' र रीना पुरी चयन भएका छन्।

# न्यू-क्वालिटी कम्प्युटर ट्रेडद्वारा प्रविधि सम्बन्धी जानकारी






**बिर्तामोड, चैत १९।** बिर्तामोड मेगा कम्प्लेक्समा अवस्थित सूचना तथा प्रविधि सम्बन्धी सेवा प्रदान गर्दै आएको न्यू-क्वालिटी कम्प्युटर ट्रेडले आफ्ना सेवासँग सूचना तथा प्रविधिमा भइरहेको नयाँपनको प्रयोग र त्यसको व्यवस्थापन सम्बन्धी बिषयमा जानकारी दिएको छ।

बिर्तामोडको मेगा कम्प्लेक्समा प्रमुख कार्यालय रहेको न्यू-क्वालिटी कम्प्युटर ट्रेडले बिर्तामोडमा स्थापनाकालदेखि दिँदै आएको सूचना तथा प्रविधि सम्बन्धी सेवा र आधुनिक सेवाका बिषयमा जानकारी दिएको हो।

संस्थाका प्रबन्ध निर्देशक कमल सिग्देलले न्यू-क्वालिटी कम्प्युटर ट्रेडले दिँदै आएको आइटी सम्बन्धी सेवाहरुका विषयमा जानकारी दिएका थिए। उनका अनुसार न्यू-क्वालिटी कम्प्युटर ट्रेडले झापा र मोरङ गरी दुई सयभन्दा बढी सरकारी, ८० भन्दा बढी संघ-संस्था र २० भन्दा बढी उद्योगहरुमा आफ्नो सेवा दिँदै आएको छ। उनले कुनै पनि अफिस, बैंक तथा वित्तीय संस्थाका लागि आवश्यक आइटी सम्बन्धी सम्पूर्ण सामग्रीसहित सेवा प्रदान गर्दै आएको जानकारी दिए।

बिशेषगरी हार्डवेयर र सफ्टवेयर सम्बन्धी कार्य गर्दै आएको न्यू-क्वालिटी कम्प्युटर ट्रेडले बैंक तथा वित्तीय संस्थाका लागि आवश्यक सेक्युरिटी सिस्टम, HR, CRM, Cloud Solution सँगै Lenovo, CISCO, HP जस्ता विश्व विख्यात कम्पनिका High End Server System, Firewall साथै AutoCAD र Microsoft कम्पनिका सामान बिक्री तथा सेवा सम्बन्धी कार्य गर्ने गरेको उनले जानकारी दिए।

न्यू-क्वालिटी कम्प्युटर ट्रेडले हार्डवेयर, सफ्टवेयर लगायत टेक्नोलोजी क्षमता, अनुप्रयोग सेवाहरू, डेटा विश्लेषण, परामर्श, व्यवस्थित सेवाहरू, क्लाउड र पूर्वाधार, रूपान्तरण, अनुसन्धान र विकास, क्षमता विकास लगायत आइटी सम्बन्धी सबै कार्य गर्ने गरेको प्रवन्ध निर्देशक सिग्देलले बताए।

न्यू क्वालिटी कम्प्युटर ट्रेडले सिंगापुर हेड अफिस रहेको ठकराल वान कम्पनीसँग विगत पाँच वर्षदेखि पार्टनरसीपमा कार्य गर्दै आएको जानकारी दिए। ठकराल वानले CISCO, PaloAlto, Lenovo, Microsoft (Gold Partner), Ocacle, IBM, Red Hat, जस्ता विश्व प्रसिद्ध ब्राण्डहरुको आधिकारिक बिक्री वितरण, प्रवर्द्धन तथा सेवा प्रदान गर्दै आएको छ।

कार्यक्रममा कर्णाली सहकारीका अध्यक्ष टसबहादुर श्रेष्ठ, नेपाल बहुउद्देश्यीय सहकारीका अध्यक्ष रामचन्द्र उप्रेती लगायत झापा जिल्लाका ४० भन्दा बढी सहकारी तथा सरकारी तहका स्थानीय निकायका आइटी प्रमुखहरुको उपस्थिती रहेको थियो।

कार्यक्रममा ठकरालका प्रतिनिधि कस्तुप लामिछाने, भाइस प्रेसीडेन्ट प्रविन क्षेत्री, चिफ टेक्नोलोजी अफिसर निरञ्जन बराल, सेल्स हेड मधु पौडेल, कार्यकारी प्रमुख कृष्ण गिरी लगायतले नेपाल र विश्वमा चलिरहेको प्रविधिको नयाँपन र त्यसको सही उपयोगिताबारे सहभागीलाई जानकारी प्रदान गरेका थिए।

# स्वस्तिकामा सर्पदंश सम्बन्धी जनचेतनामूलक कार्यक्रम



**अर्जुनधारा, चैत १९।** अर्जुनधारा-८ स्थित स्वस्तिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयमा सर्पदंश सम्बन्धी जनचेतनामूलक कार्यक्रम भएको छ।

नयाँ श्रीनाथ गण चारआलीको प्राविधिक सहयोगमा आयोजित कार्यक्रम विद्यालयका अभिभावक र विद्यार्थीहरुलाई सर्पदंशबारे जानकारी दिने उद्देश्यले आयोजना गरिएको विद्यालयकी संस्थापक ईश्वरा श्रेष्ठले बताइन्।

सहजकर्ता गणका अमलदार सीताराम श्रेष्ठले सहजीकरण गरेको कार्यक्रममा एक सय जनाभन्दा बढीको सहभागिता रहेको थियो। कार्यक्रममा सर्पका प्रजातिहरु, नेपालमा पाइने विषालु सर्पहरु, सर्पले डसेमा के गर्ने ?, सर्पले डसेमा के नगर्ने ?, सर्पको डसाईबाट जोगिने उपायहरु, सर्पको प्रभाव बढ्दो समय, सर्पले मानिसलाई किन डस्छ ?, सर्पदंश उपचार चार्ट लगायतका विषयमा जानकारी गराइएको थियो।

त्यसैगरी कार्यक्रममा गणका उपसेनानी निरज चौहानले नेपाली सेनामा भर्ना हुने प्रक्रिया र अर्का अमलदार दिपीन लिम्बूले माईन जोखिम शिक्षाका विषयमा सहजीकरण गरेका थिए।

विद्यालयकी संस्थापक श्रेष्ठको अध्यक्षता र उपसेनानी चौहानको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा औचित्यसहित स्वागत विद्यालयका निर्देशक बसन्त श्रेष्ठले गरेका थिए। कार्यक्रमको सञ्चालन विद्यालयका संयोजक सीपी सुवेदीले गरेका थिए।

# दमकबाट पाँच जना जुवाडे पक्राउ

**दमक, चैत १९।** दमक-५ बस्ने ४५ वर्षीय प्रेम खड्काको मदिरा पसलभित्र जुवातास खेलिरहेको अवस्थामा खड्कासहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ।

उक्त पसलभित्र जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४० हजार दुई सय ३० रूपैयाँ र एक बुक ताससहित पक्राउ गरेको प्रहरीले जनाएको छ।

**हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई**

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।



सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

**थाहै नपाई जाँडरक्सीको कुलतबाट मुक्त**

साथै यौवन कमजोरी, शिघ्रस्खलन, बाध नसा रोगी, पायल्स फिस्टुला, दम खोकी, चिनी रोग, पथरीया, प्रेसर, ग्याष्ट्रिक, कब्जीयत, महिलाहरुको पाठेघरको समस्या सेतो पानी बग्ने महिनावारी गडबढी सबैको उपचार हुन्छ।
कोरोनाको बन्दपछि पसल शनिश्चरेरोड शिखरबजार पछाडि सरेको छ।

**फाल्गुनन्द आयुर्वेद फार्मेसी सेवा**
शनिश्चरे रोड, शिखर बजार पछाडि बिर्तामोड, झापा
फोन : ९८४२६४३६१८, ९८१७९४१९७९, ९८०७९९४८८०, ९८६३६७१५५८

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**कर्मचारी आवश्यकता**

यस Great Future Company लाई नेपालको प्रमुख शहरहरुमा शाखा सञ्चालन र कार्यालय विस्तारको लागि नेपाली नागरिक (महिला, पुरुष) कर्मचारी आवश्यकता भएकोले इच्छुक व्यक्तिले आफ्नो बायोडाटासहित कार्यालयमा दरखास्त दिनुहोला।
पदः मर्चनडाइजर — संख्याः ८ जना (महिला/पुरुष)
तलबः १५१०० सम्म। — योग्यताः +२ सो सरह

**ग्रेट फ्युचर कम्पनी,** बिर्तामोड-४, झापा (भद्रपुर स्टेण्ड छेउ)
PH: 9814397340, 9842447160, 9810553835
नोटः जीवन बिमा र सञ्चयकोष र बोनसको व्यवस्था रहेको छ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी
रु. २०००।– मा सफाई गरिने छ।




सम्पर्कः ९८१४९९३७१२,
९८४२६७७८५५, ९८२४९९०४६२

**चलिरहेको कपडा पसल बिक्रीमा**

बिर्तामोडस्थित कृषिथोक बजारमा रहेको कपडा पसल बिक्रीमा छ।
सम्पर्क : ९८२५९५४१८३

**छापाखाना**

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
**घिमिरे अफसेट प्रेस**
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-४९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५४५३, ९८१४०३६३४४

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई,** बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**उपकार ब्राण्ड**

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।


नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।






यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ।

नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम**

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्यले साथ दिने छैन, चिसोबाट बच्नुहोला, घाँटीको समस्या बढेर जान सक्छ, साथीभाइले साथ दिनेछन्, दिन सामान्य रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन विमुख हुने छन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सुख र धनको प्राप्ती हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि विजय प्राप्त हुनेछ, दाम्पत्य सुख मिल्ने छ मन हर्षित रहला।